Click below to enlarge :

Education Bureau 教育局

# गैर-चिनिया भाषी विध्यार्थीहरुका लागि "समर ब्रिजिङ प्रोग्राम २०१९"

**गर्मीको विदामा आफ्ना छोराछोरीसँगै चिनिया भाषा सिक्नुहोस्!**

समर ब्रिजिङ प्रोग्राम गैर-चिनिया भाषी (NCS) विध्यार्थीहरुका लागि सन्चालन हुने कार्यक्रम हो। यस वर्षको गर्मी विदामा आमाबुबाहरु पनि आफ्ना छोराछरीसँगै समर ब्रिजिङ प्रोग्राममा भाग लिन पाउनेछन्। यो कार्यक्रममा भाग लिने आमाबुबाहरुको लागि विभिन्न गतिविधिहरु राखिएका छन्।

**लक्ष्य :**

- **प्राईमरी एक कक्षामा भर्ना भएका गैर-चिनिया भाषी (NCS) विध्यार्थीहरुलाई चिनिया भाषा बोलिने कक्षामा पढ्न सजिलो बनाउन।**
- **प्राईमरी दुई, प्राईमरी तीन र प्राईमरी चार कक्षामा पुगेका गैर-चिनिया भाषी (NCS) विध्यार्थीहरुलाई उनीहरुको चिनिया भाषाको पढाईमा सहयोग पुर्याउन।**
- **आमाबुबाको सहयोग सहित चिनिया भाषाको पढाई अझ राम्रो बनाउन।**

लक्षित समुह :

- सरकारी विध्यालय, सरकारी सहयोग पाउने विध्यालय वा डाईरेक्ट सब्सीडी स्किम अन्तर्गत स्थानिय पढाई हुने विध्यालयहरुमा यही सेप्टेम्बर २०१९ बाट प्राईमरी एक कक्षामा भर्ना भएका वा प्राईमरी दुई, प्राईमरी तीन वा प्राईमरी चार कक्षामा पुगेका गैर-चिनिया भाषी (NCS) विध्यार्थीहरु।
- यस कार्यक्रममा भाग लिने केटाकेटीहरुका आमाबुबाहरुलाई पनि कार्यक्रममा भाग लिन आमन्त्रण गर्दछौ जसले गर्दा घर र विध्यालयको आपसी सहयोगमा चिनिया भाषा पढ्नमा सहयोग पुग्दछ।

**थप जानकारी :**



- यो कार्यक्रम प्राथमिक विध्यालय (प्राईमरी स्कुल) हरुले शिक्षा विभागको सहयोगमा सन्चालन गरेका हुन्।
- यो कार्यक्रम आमाबुबा र केटाकेटीहरु दुवैका लागि निशुल्क हो।